नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. ०७६-५५०३४७
E-mail:
pmamp.piu.kapilvastu@gmail.com
Website:
www.kapilvastu.pmamp.gov.np

पत्र संख्या : ०८०/०८१

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सुचना ।
## सूचना नं.-०४/२०८०/०८१

<u>दोस्रो पटक प्रकाशित मितिः २०८०/०८/०७</u>

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार धान सुपरजोन/माछा जोन र तरकारी जोनको कार्यक्षेत्रमा स्वीकृत कार्यक्रम संचालन गर्न यस परियोजनाले सुचना नं ०३ मिति २०८०/०६/०४ गते सुचना प्रकाशन गरि आवेदन माँग गरिएकोमा सुचना नंम्बर ३ को क्रम संख्या ६,७,११,र १२ को कार्क्रमहरुमा वार्षिक स्वीकृत लक्ष्य भन्दा न्युन आवेदनहरु आएकोले धान सुपरजोन र माछा जोन कार्यक्षेत्र अन्तर्गत सुचिकृत भएका कृषक समूह/कृषि सहकारी/निजि उधमी र जल तथा बन उपभोक्ता समिति आदिले परियोजनाले माँग गरेको तपशिल अनुसारका कागजात सहित १५ (पन्ध्र) दिन अर्थात मिति २०८०/०८/२१ गते भित्र परियोजना कार्यान्वयन म्यानुअल-२०७७ बमोजिम तोकिएको ढाँचा (अनुसुची-१०) अनुसार यस परियोजनामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सुचना पुनःप्रकाशन गरिएको छ ।

| क.सं. | कार्यक्रम बिवरण | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालन हुने जोन/सुपरजोन क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | चैते धानको क्षेत्र विस्तार | १० हेक्टर | ३.० | धान सुपर जोनको कार्यक्षेत्र | बढीमा ५०% अनुदान |
| २ | धान बीउ उत्पादन कार्यक्रम | ५० हेक्टर | १२.५ | धान सुपर जोनको कार्यक्षेत्र | बढीमा ५०% अनुदान |
| ३ | नयाँ मत्स्य पोखरी निर्माण | ७ हेक्टर | २१.० | माछा जोनको कार्यक्षेत्र | प्रति हेक्टर जलाशयको बढीमा रु. ३ लाख अनुदान |
| ४ | बायो फलक प्रविधिमा माछा पालन | २वटा | ४.० | माछा जोनको कार्यक्षेत्र | बढीमा ५०% अनुदान |

<u>आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु</u>

१. रु. १० को हुलाक टिकट टाँसेको परियोजनाले निर्धारित गरेको अनुसुचि-१० फर्मेट भरि अनुमानित लागत ईष्टिमेट प्रष्ट खुलाई पेश गर्ने (अनुसुचि-१० फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
३. निर्माण/कार्यक्रम सचालन गरिने स्थान (जग्गा/जमिन)को जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि ।
४. करारमा जग्गा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रतिलिपि । पूर्वाधार निर्माणको हकमा कम्तिमा २० बर्षको करार सम्झौता
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/ कृषि उद्यमी (फर्म) को कार्यक्रम माँग गरेको निर्णय प्रतिलिपि।
६. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपि।
७. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।(कार्यक्रम छनौट हुनुभन्दा पूर्व आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र पेश नगरेमा आवेदन छनौटको प्राथमिकतामा नपर्ने )
८. ट्रयाक्टरबाट चल्ने यन्त्र/उपकरणको हकमा ट्रयाक्टरको ब्लू-बुक/नविकरण र आधिकारिक खरिदनामा पेश गर्नुपर्ने ।
९. फर्म/उद्यमी/कम्पनीको हकमा गत आ.व.हरुमा सोही प्रकृतिको यन्त्र/उपकरण अनुदानमा प्राप्त गरेको भए पुनः निवेदन दिन नपाउने वा निवेदन दिएपनि छनौट प्राथमिकतामा नपर्ने ।
१०. धान बीउ उत्पादन कार्यक्रमको लागि बीउ उत्पादन गर्ने आधिकारिक प्रमाण-पत्र वा बीउ उत्पादक कम्पनी वा सप्लायर्स सग खरिद पुर्व सम्झौता पत्र र सम्झौता गर्ने कम्पनीको ईजाजत पत्रको प्रतिलिपि ।
११. सम्पर्क नंम्बर सहित सम्पूर्ण कागजात फाईलिङ गरि पेश गर्नु पर्नेछ।

पुनश्चः रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा परियोजना कार्यान्वयन एकाइ आवेदन दर्ता गर्न बाध्य हुनेछैन ।



वरिष्ठ कृषि अधिकृत